## नगराईन नगरपालिका

# स्थानीय राजपत्र

खण्ड : १ संख्या : १ मिति : २०८०/०६/२७

### भाग–२

## नगराईन नगरपालिका

### नगर कार्यपालिकाको कार्यालय

नगराईन, धनुषा

मधेश प्रदेश, नेपाल

## शिक्षक सम्बन्धि कार्यविधि, २०७५

नगराईन नगरपालिका भित्रका सामुदायिक विधालयहरुमा कार्यरत शिक्षकहरुको यसै पालिका भित्रका अन्य सामुदायिक विधालयमा सरुवा तथा काज सरुवा गर्नका लागि मनासिब देखि नगराईन नगर पालिकाको शिक्षा कार्यविधि २०७५ मा उल्लेखित परिच्छेद तथा अनुसुचिहरु थप गर्नको लागि शिक्षा सम्बन्धि कार्यविधि २०७५ पहिलो संशोधन सहित यो कार्यविधि बनाएको छ।

## परिच्छेद -४ ( पहिलो संशोधन २०७९ )

यस नगराईन नगर पालिका भित्र संचालित सामुदायिक बिधालयहरुमा कार्यरत शिक्षकहरुको सरुवा ब्यबस्थापन गर्न निम्न लिखित दफा उप दफाहरू थप गर्ने छ।

१. **सरुवा सम्बन्धि ब्यबस्था :** नगर कार्यपालिकाले परिच्छेद ४ को दफा २ को अधिनमा रही नगरपालिकाको एक सामुदायिक विधालयबाट अर्को सामुदायिक विधालयमा रिक्त दरबन्दीमा वा पारिशपरिक सरुवा वा पठन पाठन ब्यबस्थित गर्न बिधार्थी संख्याको अनुपातमा सरुवा गर्न सक्ने छ।

२. **सरुवा सम्बन्धि मापदण्ड :** नगरपालिको एक सामुदायिक विधालयबाट अर्को सामुदायिक विधालयमा सरुवा गर्दा अवलम्बन गर्नु पर्ने आधारहरु देहाय बमोजिम हुनेछन।

क) अनुसूची -१ बमोजिमको सरुवा हुन इच्छुक शिक्षकको निबेदन।

ख) हाल कार्यरत विधालयको व्यबस्थापन समितिको निर्णय सहितको सहमति पत्र।

सरुवा भई जान चाहेको विधालयको व्यबस्थापन समितिको निर्णय सहितको सहमति पत्र।

ग) एक विधालयमा लगातार दुई बर्ष भन्दा बढी कार्यरत रहेको शिक्षकको हकमा कार्यरत विधालयमा बिधार्थीको चाप हेरी नगर शिक्षा समितिको सिफारिसमा बिषय र तह मिल्ने सामुदायिक बिधालयमा सरुवा गर्न सकिने छ।

घ) विधालय ब्यबस्थापन समितिले आबश्यक ठानेको हकमा उप दफा ( ग) अनुसार समय अबधि नपुग भए पनि सरुवा सिफारिस गरेमा सरुवा / काज गर्न सक्ने छ।

घ) उप दफा (ग) अनुसार सरुवा हुने शिक्षकको हकमा सरुवा सहमति वा निवेदनको आबश्यकता पर्ने छैन।

३. **काज सम्बन्धि व्यबस्था :** नगर कार्यपालिकाले दफा ४ को अधिनमा रही नगर पालिकाको एक सामुदायिक विधालयबाट अर्को सामुदायिक विधालयमा काज सरुवा गर्न सक्ने छ।

४. **काज सम्बन्धि मापदण्ड :** नगर पालिकाको एक सामुदायिक विधालयबाट अर्को सामुदायिक विधालयमा काज सरुवा गर्दा अवलम्बन गर्नु पर्ने देहाय बमोजिम हुने छन्।

क ) अनुसूची -१ बमोजिमको काज सरुवा हुन इच्छुक शिक्षकको निबेदन।

ख) हाल कार्यरत विधालयको व्यबस्थापन समितिको निर्णय सहितको सहमति पत्र

ग) काज सरुवा भई जान चाहेको विधालयको व्यबस्थापन समितिको निर्णय सहितको सहमति पत्र।

घ) विधालय व्यबस्थापन समितिले निर्णय गरि सिफारिस गरिएका शिक्षकको एक विधालयबाट अर्को विधालयमा काज सरुवा गर्न सक्ने छ ।

ङ) नगर शिक्षा समितिले विधार्थी संख्याको अनुपातमा शिक्षक संख्या मिलान गर्दा आबश्यकता र औचित्यको आधारमा गरेको सिफारिसको आधारमा काज सरुवा गर्न सक्ने छन ।

५. **सरुवा र काज सरुवाको निर्णय प्रक्रिया :** नगर कार्यपालिकाले तपसिलमा उल्लेखित मापदण्डको आधारमा नगर पालिका भित्रका एक सामुदायिक विधालयबाट अर्को सामुदायिक विधालयमा सरुवा तथा काज सरुवा गर्न सक्ने छ । तर करार र राहतमा कार्यरत शिक्षकको सरुवा तथा काज शैक्षिक सत्रको ( शैक्षिक वर्षा) अन्तमा वाहेक अन्य समयमा गर्न पाइने छैन ।

क) दफा दफा २ र ३ बमिजिमको कागजातहरु ।

ख) नगर शिक्षा समितिको बैठकको सिफारिस निर्णय ।

६. **सरुवा वा काज सरुवा सम्बन्धि पत्र :** सरुवा वा काज सरुवा सम्बन्धि पत्र अनुसूची -२ मा उल्लेख भए बमोजिम हुने छ ।

७. **संशोधन सम्बन्धि व्यबस्था :** नगर कार्यपालिकाको बैठकले आवश्यकता अनुसार यो कार्य बिधि संशोधन गर्न सक्ने छ ।

८. **खारेजी र बचाउ :-** यस भन्दा अगाडी भए गरेका काम कारवाही यसै बमोजिम भए गरेको मानिनेछ ।

# अनुसूची - १

## ( दफा २ र ३ संग सम्बन्धित )

श्रीमान् प्रमुख प्रशासकीय अधिकृत ज्यु

नगराईन नगरपालिका ,

नगर कार्यपालिकाको कार्यालय, धनुषा

उपरोक्त सम्बन्धमा यसै नगराईन नगर पालिका, धनुषाको वार्ड नं .......

स्थित ..........................विधालयमा कार्यरत शिक्षक म ........................ तपसिलमा उल्लेखित विधालयमा सरुवा/काज सरुवा भई जान इच्छुक रहेको हुँदा उक्त विधालयमा सरुवा/काज सरुवा गरि दिनु हुन अनुरोध गर्दछु ।

तपसिल

| हाल कार्यरत विधालय | सरुवा/काज सरुवा भई जान चाहेको विधालय |
|---|---|
| शिक्षकको नाम : | शिक्षकको नाम : |
| तह : | तह : |
| प्रकार :स्थायी / राहत/करार: | प्रकार :स्थायी / राहत/करार: |
| विधालय : | विधालय : |
| ठेगाना : | ठेगाना : |

**संलग्न कागजातहरु :**

क) ...........विधालयको व्यबस्थापन समितिको निर्णय सहितको सहमति पत्र ।

ख) ...........विधालय व्यबस्थापन समितिको निर्णय सहितको सहमति पत्र

निवेदक

# अनुसूची - २

(दफा ६ सँग सम्बन्धि )

**विषय : सरुवा/ काज सरुवा सम्बन्धमा**

महाशय ,

तपाईलाई नगराईन नगर पालिका, धनुषाको शिक्षक सम्बन्धि कार्यविधि , २०७५ को पहिलो संशोधन २०७९ को दफा ५ बमोजिम देहाय अनुसार सरुवा / काज सरुवा गरिएको व्यहोरा मिति ............ को निर्णयानुसार ( कार्यपालिका स्तरीय ) अनुरोध छ ।

**तपसिल**

| **हाल कार्यरत विधालय/तह/ ठेगाना** | **सरुवा/काज सरुवा भएको विधालय/ तह /ठेगाना** |
|---|---|
| तह : | तह : |
| प्रकार :स्थायी / राहत/करार: | प्रकार :स्थायी / राहत/करार: |
| विधालय : | विधालय : |
| ठेगाना : | ठेगाना : |

श्री .................

संकेत नं .

...............................................

प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री राष्ट्रिय किताबखाना शिक्षक म्युजियम मार्ग, छाउनी , काठमाण्डौ

श्री कर्मचारी संचयकोष , धनुषा

श्री नागरिक लगानी कोष ( सावधिक विमा ), नया बानेश्वर , काठमाण्डौ

श्री शिक्षा विकास ताहा समन्वय इकाई. धनुषा

श्री ..........विधालय ...... नियमानुसार रमाना दिनु हुन ।

श्री .........विधालय ........: नियमानुसार हाजिर गराई जानकारी दिनु हुन ।

मिति : ..............................

..............................................

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मिति : २०८०/०१/०६ गते

आज्ञाले,

**राम गुलाम लाल कर्ण**

प्रमुख प्रशासकीय अधिकृत